# शिक्षा लेख सँगालो

(आम संचार माध्यमहरूको प्रयोजनका लागि मात्र)

वर्ष १, अंक २, २०५८ माघ (February, 2002)

## यस अंकमा

१) तीस वर्षपछि खुलेको आखा

२) उच्च मा.वि. शिक्षा : कस्को आवश्यकता ?

३) कमिशनको खेल नहुदाको परिणाम

४) इञ्जिनियरिङ्ग अध्ययन संस्थानलाई सफलता थेग्ने चुनौती

५) प्राज्ञिक उपनिवेशको हल्ला

शिक्षा क्षेत्रमा केही समय यता विचार र समाचारको प्रवाह तीव्र रुपमा भइरहेको छ। संचार माध्यमहरु शिक्षा क्षेत्रलाई अरु क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन्। यो अवस्थामा पनि स्तरीय फिचर लेखहरुको अभाव खट्किएकै छ। शिक्षा पत्रकार समूहले यही अभावलाई महसुस गरेर पत्रपत्रिका र अन्य संचार माध्यमलाई निरन्तर रुपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरुको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न संचार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रुपमा सक्रिय पत्रकारहरु मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनु भयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झांगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ।

**सम्पादन : हरि थापा**

*पत्राचारका लागि हाम्रो ठेगाना*

**शिक्षा पत्रकार समूह**
पो.व.नं. २१८४३, फोन/फ्याक्स २५७६५५
अनामनगर, काठमाडौं।
इमेल : ejg@ntc.net.np

# तीस वर्षपछि खुलेको आखा

**सुदर्शन घिमिरे**

***पहिलो घट्ना :*** *२०५६ साल साउन २८ गते । शुक्रवार मन्त्रिपरिषदको बैठकले अघिल्लो दिन गरेका निर्णयह□बारे प्रतिनिधि सभाको बैठकमा सार्वजनिक महत्वको बक्तव्य दिंदै तत्कालीन शिक्षामन्त्री योगप्रसाद उपाध्यायले त्यस वर्षको असार मसान्तसम्ममा एकवर्ष सेवा गरेका अस्थायी र स□ा शिक्षकह□लाई स्वतः स्थायी गर्ने निर्णय गरेको जानकारी दिनुहुँदा बैठकमा उपस्थित सत्ता पक्ष र प्रतिपक्षी सबै सांसद्ह□ले टेवुल ठोकेर स्वागत गरेका थिए ।*

***दोस्रो घटना :*** *२०५८ साल असोज १६ गते । अध्यापन अनुमतिपत्र नलिई शिक्षक जागीर खान नपाईने र बहालवाला शिक्षकले पनि निश्चित प्रक्रिया पूरा गरेर अध्यापन अनुमति पत्र लिनुपर्ने, अन्यथा सेवाबाट हटाईने प्रावधान थपेर संसदीय समितिले सिफारिस गरेको शिक्षा सातौं संशोधन विधेयक प्रतिपक्षको समर्थन सहित संसदबाट अनुमोदन भयो ।*

यी दुई घट्नाले मात्र पनि देशको शिक्षाप्रति सरकार र संसदको दीर्घकालीन दृष्टिकोणको अभाव र द्रयवहारमा कति धेरै बिरोधाभाष छ भन्ने कुरा छर्ल□्ग हुन्छ ।

शिक्षक अध्यापन अनुमति पत्र र स्वतः स्थायी गर्ने प्रावधान पूर्णतया परस्पर विरोधी छन् । शिक्षामा सुधारकालागि अध्यापन अनुमति पत्र अपरिहार्य छ भन्ने कुरालाई सातौं संशोधन विधेयक मार्फत आत्मसात गर्ने सांसदह□ले दुई वर्ष अघि स्वतः स्थायीको घोषणालाई किन दिल खोलेर स्वागत गरे त ?

झण्डै २५ हजारको संख्यामा रहेका अस्थायी शिक्षकह□मध्ये कम बेसी सबै पार्टीका कार्यकर्ता छन् । उनीहरुमध्ये अधिकांशको नियुक्ति योग्यता र क्षमताका आधारमा हैन, पार्टीको झोला बोकेका आधारमा गरिएकाले आफ्ना तिनै कार्यकर्ताह□को जागीर रक्षाको लागि प्रमुख विपक्षमा रहेको एमाले लगायतका दलह□ले सरकारले गरेको प्रतिगामी र दुस्साहसपूर्ण निर्णयको विरोध गर्न छोडेर समर्थन गर्न पुगेका थिए ।

सम्पूर्ण शिक्षकह□को राष्ट्ि□य स्तरमा एउटै युनियन गठन, राजनीतिक दलको सदस्यता लिएमा वा दलको तर्फबाट प्रतिनिधित्व गरेमा त्यस्ता शिक्षकलाई सेवाबाट हटाईने जस्ता महत्वपूर्ण कुरा पनि शिक्षा सातौं संशोधन ऐनमा छन् । तर उनीहरुले विगतमा गरेको दुर्भाग्यपूर्ण समर्थनले एउटा गंभीर प्रश्न उठ्छ, कांग्रेस र एमाले लगायतका दलह□ र तिनका कार्यकर्ता बिगतलाई अनुशरण गर्दै शिक्षा (सातौं संशोधन) ऐनले अघि सारेका मूल नीतिह□ बि□द्ध उभिदैनन् भन्ने के छ ?

□त्यस निम्ति प्रमुख राजनीतिक दलह□ले सातौं संशोधन ऐनको मूल मर्मप्रति प्रतिवद्ध हुनुपर्छ, त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)का कार्यकारी निर्देशक डा.हृदयरत्न बज्राचार्य भन्नुहुन्छ,□ □शिक्षकलाई कार्यकर्ता एवं कार्यकर्तालाई शिक्षक बनाउने लगायतका विगतका गल्तीह□ नदोहर्‍याउने प्रण सार्वजनिक □पमै गर्नुपर्छ ।□

त्यसो त यस बीचमा नेपाल शिक्षक संघले आफ्नो मातृसंस्था नेपाली का□ग्रेसस□ंग औपचारिक □पमै सम्बन्धबिच्छेद गरिसकेको छ । तर संघका नेताह□ मीठाराम दुखी र धनञ्जय शर्मालाई कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले पार्टीको केन्द्रीय विभागको सदस्यमा हालै मात्र मनोनीत गर्नुभएको छ । त्यसो त सभापति कोइरालाले आफू प्रधानमन्त्री हुँदा प्रस्तुत गर्नुभएको १४ बु□दे राष्ट्ि□य सहमति प्रस्तावको एउटा बु□दामा शिक्षकलाई दलीय राजनीतिबाट टाढा राख्ने कुरा पनि उल्लेख गर्नुभएकोछ । आफैं उदाहरण बनेर देखाउनुपर्ने सत्ता□ढ दलका सभापतिले भनाइ र गराईमा देखाउनुभएको यो अन्तर ऐनको कार्यान्वयनका लागि शुभ संकेत हैन ।

शिक्षा (सातौं संशोधन) ऐनले समेट्न खोजेका थुप्रै महत्वपूर्ण कुराहरु प्रति सबैपक्षबाट स्वागत नगरिए पनि विरोधले महत्व नपाउने अवस्था छ । ऐन□ारा नै प्राथमिक शिक्षाको द्रयवस्था, कक्षा ६ देखि शुल्क तिर्नुपर्ने, गरीवीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायतका विद्यार्थीलाई निःशुल्क शिक्षा, ग्रामीण शिक्षा कोष, अभिभावक मध्येबाटै विद्यालय द्रयवस्थापन समिति अध्यक्षको निर्वाचन आदि यसका उल्लेख्य विशेषता हुन् । ऐन□ारा नै जिल्ला शिक्षा समिति र विद्यालय द्रयवस्थापन समितिको द्रयवस्था गरी बढी अधिकार प्रदान, विद्यालय निरीक्षक तथा शिक्षकलाई उत्तरदायी बनाउन पहल जस्ता कुराहरु यसका थप विशेषता हुन् ।

शिक्षा ऐनको नयाँ संशोधन आफैमा पूर्ण छैन । शैक्षिक विकृति सुधार्नका लागि यसैलाई रामवाण ठानिनु पनि मूर्खता नै हुन्छ । यद्यपि यसको सबैभन्दा सवल र सुन्दर पक्ष हो□ शिक्षामा आज खट्किएको ठोस र प्रगतिशील सुधारको भावना यसले बोकेको छ ।

शिक्षकलाई दलगत राजनीतिबाट टाढा राख्न कठिन भए जस्तै, दलीय राजनीतिबाट विद्यालय द्रयवस्थापन समितिको निर्वाचन मुक्त राखिनु त्यतिकै जरुरी छ। शिक्षा सातौ संशोधन ऐनको सफल कार्यान्वयनको लागि सबैभन्दा ठूलो बाधक कोही भयो भने त्यो राजनीतिक क्षेत्र नै हुनेछ।

प्रजातन्त्र पुनर्स्थापना पछिका १२ वर्षमा राजनीतिमा मौलाएको बिकृति र बिस□तिबाट सबैभन्दा पीडित शिक्षा क्षेत्र नै हो। नीतिगत समस्या भन्दा बनेका नीति र ऐन□नियमलाई कार्यान्वयनमा लैजान नसक्नुले शिक्षा क्षेत्र अस्तव्यस्त बनेकौ छ। र, आजको सबैभन्दा ठूलो समस्या पनि यही हो।

एमालेका सांसद महेन्द्रबहादुर पाण्डे भन्नुहुन्छ□ □प्रमुख पार्टीह□ बीच ठोस सहमतिको ज□री छ र त्यसनिम्ति सरकारले नै पहल गर्नुपर्छ।□

शिक्षा तथा खेलकुद मन्त्री आमोदप्रसाद उपाध्याय सरकारी तवरबाट गरिनुपर्ने पहलका लागि तयार रहेको बताउनुहुन्छ। तर नेपाल शिक्षक संघका अध्यक्ष केशवप्रसाद भ□राई भने राजनीतिक दलहरुको इमान्दारितामा शंका गर्नुहुन्छ, राजनीतिज्ञहरु दोहोरो मापदण्ड रहुञ्जेल सुधारको सम्भावना छैन□ अध्यक्ष भ□राई भन्नुहुन्छ।

एउटै पार्टीको सरकार भए पनि मन्त्री मात्र बदलिंदा शैक्षिक नीतिमै समेत कति फरक पर्दो रहेछ भन्ने कुरा योगप्रसाद उपाध्यायको □स्वतः स्थायी□नीति□ र आमोदप्रसाद उपाध्यायको □शिक्षक अध्यापन अनुमतिपत्र नीति□को तुलना गरे पुग्छ। त्यसैले शिक्षामा आज लिइएका नीतिह□को निरन्तरताको प्रत्याभूति प्रमुख चुनौती बनेको छ।

शिक्षा प्रशासनमा द्रयाप्त भ्रष्टाचार, ढिलासुस्ती र कामचोर प्रवृत्ति शैक्षिक सुधारको प्रवाहलाई रोक्ने तत्व हो। पूर्व शिक्षा सचिव खेमराज रेग्मीले भनेजस्तै, □योग्य व्यक्तिले उपयुक्त ठाउँ र वातावरण नपाउनु□ जस्ता समस्या पनि जीवितै छन्। यसका लागि राजनीतिक दलह□को सक्रिय र इमान्दारीपूर्ण भूमिका देखिनुपर्ने विचार शिक्षाविद् डा. तीर्थराज खनियाँको छ।

तीस वर्ष अघि शिक्षा क्षेत्रको राष्ट्रि□यकरण हुँदा भएका थुप्रै त्रुटीहरुलाई वर्तमान दशकको शैक्षिक विकृतिका लागि जिम्मेवार ठह□याइन्छ। समुदायबाट शिक्षा खोसियो भन्ने सबैको गुनासो थियो। शिक्षा सातौं संशोधनले समुदायलाई अधिकार दिनेतर्फ पहल गरेको छ। यसबेला, सबैको ध्यान राजनीतिक दलहरुको इमान्दारितामाथि अडेको छ। आफूप्रतिको अविश्वासलाई राजनीतिक दल र तिनका नेताह□ले चिर्ने दुर्लभ र स्वर्णिम अवसरको यस पटक उपयोग गर्लान् त ?

शिक्षाविद् डा. बज्राचार्यको चेतावनी छ, □यो अन्तिम मौकालाई राजनीतिक दलहरुले सदुपयोग गर्न सकेनन् र सातौं संशोधनले अघि सारेका मूल नीति सफलतापूर्वक कार्यान्वयन गर्न सकिएन भने नियन्त्रण नै गर्न नसकिने गरी बढ्ने अराजकता र यस पछि देशले चुकाउनुपर्ने मूल्यको हेक्का सबैलाई हुनुपर्छ।□

**शिक्षा लेख संगालो / शिक्षा पत्रकार समूह**

*****

# उच्चमावि शिक्षा : कस्को आवश्यकता ?

**पदम गौतम**

मुलुकको लागि आवश्यक जनशक्ति तयार गर्ने र गुणस्तरीय शिक्षा दिने उच्च माध्यमिक शिक्षा परिषद्को नारा शहरी क्षेत्रमा मात्र सीमित भएको छ।

सरकारी विद्यालयका रुपमा खोलिएका उच्चमाविका विद्यार्थीको उत्तीर्ण प्रतिशत त्रिविका समकक्षी विद्यार्थी उत्तीर्ण प्रतिशतभन्दा कम छ। मोफसलका उच्च माविका परीक्षाहरू कचहरी बैठक जस्तै छन्। परिषद् यसको नियन्त्रण र नियमन गर्न स्थापनाकालदेखि नै असमर्थ छ।

२०५७ र २०५८ मा कक्षा १२ का विद्यार्थी उत्तीर्ण प्रतिशत क्रमशः २६ र २१ प्रतिशत छ जवकि त्यसै वर्ष त्रिविको प्रवीणता तह पास गर्ने विद्यार्थी प्रतिशत ३२ र २६ प्रतिशत देखिन्छ।

तर, निजी विद्यालयकै शैलीमा नीतिहीन ढंगले सञ्चालित उच्चमाविहरूले यी दुई वर्षमा क्रमशः ६४ र ५१ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएका छन्।

उपत्यका र त्रिविका क्याम्पस नजिकै भएका ठाउँहरूबाहेक अन्यत्रका जोड २ का विद्यार्थीहरूले अयोग्य शिक्षकको भर पर्नु परेको छ। धेरै शिक्षकहरू माविमा अध्यापन गरेको अनुभवकै आधारमा तेलको धूपको काम गरिरहेका छन्। यो अवस्था रहे पनि परिषद्ले सुधारका कुनै कदम चालेको छैन। परिषद्ले त्यस्ता विद्यालयमाथि कारवाही गरेर संख्या घटाउने जोखिम नलिएको अवस्था छ। अझ रमाइलो त यस्ता उमाविलाई नियममा ल्याएर स्थायी सम्बन्धन दिने पहल पनि परिषद्ले गरेको छैन।

गुणस्तरीय शिक्षाको नारा र एक्काइसौं शताब्दीको आवश्यकताको नाममा आएका जोड दुई शिक्षाले शिक्षामा दुईवटा वर्ग कायम राख्न दीर्घकालीन रुपले नै मलजल गरिरहेको छ। पछिल्ला वर्षहरूमा त्रिविबाट प्रवीणता प्रमाणपत्र तह विस्थापन गर्ने कुरा सेलाउँदै गएपछि हतारमा उच्चमावि खोलिनुको औचित्यमाथि विभिन्न प्रश्न गर्न थालिएको छ। आखिर वर्गीय शिक्षालाई बल पुऱ्याउने उच्चमावि शिक्षा किन त्यति महत्व दिएर थालियो ?

निजी जोड दुईका सञ्चालकहरू धनाढ्य र नवधनाढ्य वर्गका छोराछोरी विदेश जानबाट रोकिएका कारण मुलुकको अर्थतन्त्रका लागि ठोस योगदान दिन आफूहरू सक्षम भएको दावी गर्छन्। तर कुनै पनि निजी विद्यालय वा परिषद्सँग यसबारेको आधिकारिक आँकडा भने पाइँदैन।

स्वायत्त संस्थाका रुपमा सरकारले परिषदलाई छोडिदिएका कारण परिषद्का सबै गतिविधिबाट मन्त्रालयले आफूलाई अलग सरह राखेको छ। आर्थिक समस्या र अराजकताबाट अघि बढ्दा पनि परिषद्माथि अंकुश लगाउन मन्त्रालयले सक्रियता देखाउन सकेको छैन। उच्च मावि संघका अध्यक्ष मनोरमा राणा परिषदको यस्तो अवस्थाले मुलुकका सबै उच्च माविहरू संकटमा परेको बताउनुहुन्छ। अध्यक्ष राणा यस्ता सम्पूर्ण कार्यको प्रमुख दोष शिक्षामा व्याप्त राजनीतिकरणलाई दिनुहुन्छ।

अवको खाँचो सक्षम र दक्ष व्यवस्थापन हो परिषद्का निवर्तमान उपाध्यक्ष नारायण कुँवरको भनाई छ। तर वर्तमान सदस्यसचिव डा.श्रीराम लामिछाने भनेसम्पूर्ण समस्या आर्थिक कारणमा गएर ठोकिने दावी गर्नुहुन्छ।

उहाँको दावीको सत्यता यसकारण पनि छ कि परिषद्को वार्षिक कूल बजेट ५ करोड रुपैयाँ छ। सरकारले बल्लबल्ल एउटा उच्च माविलाई एउटा शिक्षकको तलव बराबरको अनुदान दिने कुरा बजेटमा ल्याएको छ। परिषद्लाई सरकारले छुट्याएको वार्षिक ३ करोड ५८ लाख रुपैयाँबाट पनि संकटकाल लागू भएपछि ८९ लाख रुपैयाँ कटौती गरी रक्षामा थपिएको छ।

शिक्षाविद् डा.कमलप्रकाश मल्ल त्रिविमा प्रति विद्यार्थी ३१ सय खर्च लाग्ने र त्यसमध्ये ५ सय मात्रै विद्यार्थीले तिर्ने गरेको उदाहरण दिँदै उच्च माविको लागि ऐनमा नै सरकारी अनुदानका विषयमा किटान गरिनुपर्ने बताउनुहुन्छ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले २०५७ सालसम्ममा त्रिविबाट प्रवीणता प्रमाणपत्र तह फेज आउट गर्न सुझाव दिएको थियो। नवौं योजनाले पनि उच्च मावि र माविलाई एउटै व्यवस्थापनमा गाभ्ने गर्ने लक्ष्य लिएको थियो। उच्चस्तरीय शिक्षा आयोग, २०५५ ले १० वर्षमा प्रवीणता प्रमाणपत्र तह पूर्ण विस्थापन गर्नुपर्ने सुझाव दिएको थियो। तर, यो कुरा अब विस्तारै सेलाउँदै गएको छ। अझ काठमाडौं विश्वविद्यालयले आफ्नै इन्टरमिडिएट कक्षा आरम्भ गरेपछि २०४६ मा ऐन बन्दादेखिकै इन्टरमिडिएट फेज आउट गर्ने प्रमुख लक्ष्य अब पृष्ठभूमिमा परेको छ। "फेज आउटको नारा दातृसंस्था रिझाउन मात्रै ल्याएको जस्तो देखियो। यसमा संस्थागत प्रतिवद्धता देखिएन" उच्च माविसंघकी अध्यक्ष राणाको प्रतिक्रियाले पनि उच्च माविलाई भित्र्याउने रहर हतारमा नै भएको पुष्टि हुन्छ।

कूल ७ सय ७५ वटा उच्चमाध्यमिक विद्यालय चालू छन्। तर, परिषद लथालिङ्ग अवस्थामा छ। परिषद्का हर्ताकर्ताहरुले कुनै स्पष्ट दृष्टिकोण र गन्तव्य तयार गरेका छैनन।

नियमित तथा पुराना गरी परिषदका झण्डै डेढ लाख विद्यार्थी रहेको कुरा परिषद्बाट थाह हुन्छ। विद्यार्थीको बढ्दो चाप हुँदाहुँदै पनि शिक्षा क्षेत्रमा सबैभन्दा घीनलाग्दो राजनीति उच्चमाविमा देखिएको छ। योग्य नागरिक उत्पादनका लागि अभ्यास गर्नुपर्ने ठाउँमा नियुक्ति लिएर जाने व्यापारिक मनस्थितिका व्यक्तिहरुले यसको भविष्य तहसतहस पारिरहेका छन्।

**शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह**

## कमिशनको खेल नहुदाको परिणाम

**तिलक पाठक**

धनुषा जिल्लाको भागा प्रथामिक विद्यालयका प्रधानाध्यापक रघुनन्दन यादवले पौष्टिक आहार परियोजना अन्तर्गत संचालित दिवा खाजा कार्यक्रमलाई बन्द गरिदिएका छन्। खाजा व्यवस्थापन समितिका पदाधिकारीहरु बीच यसै बिषयलाई लिएर मनमुटाव भएपछि यो कार्यक्रम बन्द भएको हो।

गैरजिम्मेवारीका कारण भागा प्राथमिक विद्यालयका बालबालिकाले मात्र खाजाको अवसर गुमाउनु परेको होइन। यो कार्यक्रम लागू भएका निकैवटा विद्यालयमा अनेक वहाना देखाएर यसलाई असफल पार्ने प्रयास गरिएको छ। सरस्वती माध्यमिक विद्यालय धनुषाका शिक्षक चण्डीशरण यादवका अनुसार राजनीतिक आस्थाका आधारमा व्यवस्थापन समितिमा विवाद हुने गरेको छ। राजनीतिक दबाबबाट दिक्क भएर पनि धेरै विद्यालयले कार्यक्रम बन्द गर्न थालेका छन्।

खाजा कार्यक्रम संचालन गर्न अभिभावक, शिक्षक र सामाजिक कार्यकर्ताको सहभागितामा २५ सदस्यीय खाजा व्यवस्थापन गठन गर्नुपर्ने प्रावधान छ। विद्यालयसम्म खाद्यान्नको ढुवानी, भण्डार र खाजा पकाउने व्यवस्था गर्नुका साथै चुलो निर्माण र सफाई गर्ने काम समितिको भएपनि गाँउमा तिनीहरुको खासै सक्रियता छैन। समितिमा रहेका धेरै व्यक्तिहरुका बालबालिका सम्बन्धित विद्यालयमा अध्ययन नगर्ने अवस्थाले यसले उनीहरुलाई सक्रिय बनाउन नसकेको हो।

खाजा व्यवस्थापन समिति ठुलो हुँदा एक आपसमा कुरा नमिल्नाले कार्यक्रम प्रभावकारी रुपमा अघि बढन नसकेको धनुषाका जिल्ला शिक्षा अधिकारी मोहन प्रसाद उपाध्यायले स्वीकार गर्नुभयो। उहाँले भन्नुभयो  खाजा सामग्री हिनामिनाको समस्याले केही विद्यालयहरुमा कार्यक्रम प्रभावित भएको छ।'

गैरसरकारी सस्था न्यू एराले पहाड र तराईका आठ जिल्लामा गरेको अनुसन्धानमा ४७ प्रतिशत गाउँलेलाई विद्यालयको खाजा व्यवस्थापन समितिबारे जानकारी नभएको देखाएको छ। समितिमा रहने व्यक्तिहरुको चयन पारदर्शी ढंगले नहुनु र सम्बन्धित निकायले नियमित अनुगमन नगर्नुले खाजा कार्यक्रमको औचित्व बुझ्न नसकी सम्बद्ध पक्षहरु अलमलमा परेको अवस्था यो कार्यक्रम लागू भएका जिल्लामा भेटिन्छ।

बालबालिकालाई विद्यालय भर्ना हुन आकर्षित गर्ने र विद्यालय छोडेर जाने प्रक्रिया रोक्नका लागि ०२९ सालमा नेपाल बाल संगठन मार्फत पौष्टिक आहार कार्यक्रम शुरु भएको थियो। यो कार्यक्रम ०४३ सालदेखि ०५२ सालसम्म सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद अर्न्तगत संचालित थियो। त्यसपछि सरकार र विश्व खाद्य कार्यक्रमको संयुक्त प्रयासमा यो कार्यक्रम धनुषा, रुपन्देही, पर्सा प्यूठान, सुर्खेत, दैलेख, रुकुम, सल्यान, डोटी, डडेलधुरा, अछाम, बैतडी, बझाङ, बाजुरा, दार्चुला र जाजरकोटमा सञ्चालन हुदै आएको छ।

कार्यक्रम संचालन भएको तीन दशकको अवधिमा यसका रुपहरु फेरिएका छन्। तर सम्बद्ध व्यक्तिहरुमा प्रतिबद्धताको अभाव र कार्यक्रमको दीर्घकालीन लक्ष्य स्पष्ट नभएकाले फेरिएको रुप नयाँ बोतलमा पुरानो रक्सि भरेजस्तै हो।

प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाका कार्यक्रम निर्देशक हरिबोल खनाल कार्यक्रमले विद्यार्थीहरुलाई विद्यालय तर्फ आर्कषित गरेको बताउनु हुन्छ। यसबाट विद्यालय तहका अध्ययन गर्ने ४० लाख मध्ये २ लाख ५० हजार विद्यार्थीहरु लाभान्वित भएको तथ्यांक निर्देशक खनालले उपलब्ध गराउनु भयो।

कार्यक्रमको असफलताले एकातिर यो तथ्यांक भरपर्दो छैन। विद्यार्थी संख्याको अनुपातमा कार्यक्रमको उपलब्धि समुद्रमा थोपा खसाए जस्तै भएको छ। त्यसमाथि बालबालिकाले मिठो र सफा खाजा खान पाएका छैनन्। चिनीको मात्रा कम भएकाले विद्यार्थीहरुले हलुवा रुचाएनन'  धनुषाका जिशिअ उपाध्यायले बताउनु भयो।

सर्बोतम पिठोको भण्डार गर्ने ठाँउ पनि गतिलो छैन। न्यू एराको अध्ययन प्रतिवेदनमा आठ जिल्लाका ५८ प्रतिशत विद्यालयमा कार्यालय कोठामा पिठो राख्ने गरिएको उल्लेख छ। कोठामा राख्दा ढुसी आउने र  मक्किने समस्या छ।

यस्तो पिठोबाट तयार पारिएको खाजा खाँदा बालबालिकाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भए पनि हाल सम्म यस बारेमा चिन्ता गरिएको छैन। आफना बालबालिकाहरुले त्यस्तो हलुवा खान नपर्ने भएकाले पनि सम्बन्धीत निकायका पदाधिकारीहरुले त्यसबारे चासो नदिएका हुन्।

हुम्ला, मुगु जस्ता सधैभरी खाद्यान्न संकट भोगिरहने दुर्गम जिल्लाका बालबालिकाहरु खाजाबाट बञ्चीत छन्। ढुवानी खर्च महगो भएको कारण देखाएर विश्व खाद्य कार्यक्रम पन्छने गरेको छ।

खाजा कार्यक्रम लागू भएका जिल्लामा विश्व खाद्य कार्यक्रमबाट ट्रकले ढुवानी गर्न सक्ने स्थानका गोदाममा पौष्टिक आहारका सामाग्री पुऱ्याइने गरेको छ। यसो हुँदा पनि मोटरबाटोले नछोएका जिल्लाहरु यो अवसरबाट वञ्चित हुने गरेका छन्।

यस वर्षदेखि रसुवा, नुवाकोट, मकवानपुर, रामेछाप र उदयपुरमा कार्यक्रम शुरु गर्ने तयारी भइरहेको छ। सरकारले अहिले सम्म पनि कार्यक्रम संचालनका लागि ती जिल्लामा कर्मचारी भर्ती गर्न सकेको छैन।

विगतका वर्षमा प्राथमिक बिद्यालय निम्न माध्यामिक हुनेबित्तिकै कार्यक्रम बन्द गरिन्थ्यो। र, बालबालिकाले खाजा पाउँदैन्थे। खाजा सुविधाबाट बञ्चीत हुँदा नकारात्मक असर परेको महसुस गरी यसै बर्षदेखि निमाविसम्म बिस्तार गरिने भएको छ।

जनशक्तिको अभावले शिक्षकहरुले खाजा कार्यक्रमलाई अनावश्यक बोझ ठान्ने गरेका छन। "अनावश्यक बोझ भयो त भनेका छैनन। सामानहरु राख्ने समस्या देखाएका छन", निर्देशक खनालले बताउनु भयो।

कार्यक्रम अर्न्तगत ८५ ग्राम सर्बोतम पिठो, १५ ग्राम चिनी, १० ग्राम बनस्पति ध्यूबाट बनेको हलुवाको खाजा विद्यार्थीलाई खान दिनुपर्ने हुन्छ ।

कार्यक्रमले पढाईमा पनि असर पारेको छ। सुर्खेत र डोटी जिल्लामा पाँच विद्यालयमा खाद्य वितरणको दिन विद्यालय बन्द गरेको अनुसन्धानले देखाएको छ।

पौष्टिक आहार परियोजनामा कार्यरत कर्मचारीहरु अस्थायी भएकाले यो कार्यक्रम पनि अस्थायी हुने उनीहरुको धारणा छ। स्थायी हुने सम्भावना पनि नरहेको र परियोजनामा भ्रष्टाचार गर्न पनि नसकिने भएकाले त्यहाँ कार्यरत कर्मचारीहरु यसको सफलतामा कुनै ध्यान दिंदैनन्। कमिशन खान नपाइने कारणले नै व्यवस्थापन समिति र शिक्षकहरुका लागि पनि कार्यक्रम बोझ बनेको हो।

परियोजनाको कार्यान्वयन, अनुगमन र मुल्याङकन गर्न शिक्षा सचिवको अध्यक्षता समिति छ। हलुवामा आर्थिक कारोवार हुँदैन। नयाँ फेरिने सबै शिक्षा सचिवले खाजा कार्यक्रमप्रति चासो नराख्नुका पछाडि कमिशन आउने ठाउँ नहुनु नै हो भन्ने निष्कर्ष निकाल्ने गरिएको छ। कार्यक्रमको समिक्षात्मक प्रतिवेदन तयार नहुनुले पनि सो कुरा बुझ्न सजिलो बनाएको छ। आवश्यकताको आधारमा कार्यक्रमको वितरण र प्रभावकारी अनुगमन नहुँदा हचुवा आधारमा कार्यक्रमलाई निरन्तरता दिइएको छ।

**शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह**

*****

## इन्जिनियरिङ अध्ययन संस्थानलाई सफलता थेग्ने चुनौती

**प्रकाश सिलवाल**

अधिराज्य भित्रैका इञ्जिनियरिङ क्याम्पसहरु मात्र होइन समग्र एशियाकै उत्कृष्ट दश इञ्जिनियरिङ प्रतिष्ठानमध्ये एकको रुपमा परिचित त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थानलाई अहिले आफ्नो परिचय र सफलता थेग्ने चुनौती आइपरेको छ।

सन् १९४२ मा नेपालमा पहिलो पटक प्राबिधिक तालिम बिद्यालयको नामबाट स्थापित इअस १९५९ मा भारत र १९६५ मा जर्मनीको सहयोगमा अध्ययन केन्द्रहरु थपिएपछि अध्ययन संस्थानमा परिणत भएको हो। त्रिभुवन विश्व विद्यालयले आफ्नो छातामुनी लिएपछि क्रमशः यूएनडीपी र आईएलओको सहयोगमा आर्किटेक्चर विषयले प्रबेश पायो। यसैबीच विश्व बैंकले सहयोग गर्न थालेपछि इन्जिनियरिङ्ग बिषयमा डिप्लोमाको अध्यापन शुरु भयो।

त्यस्तै स्वीस ,क्यनाडा, नर्वे लगायतका सरकारबाट पनि यस संस्थानले अन्य प्राज्ञिक सहयोग पाएको थियो। तर अहिले कुनै पनि निकायबाट सहयोग नपाइएको अबस्थामा, नयाँ गति र उर्जाका साथ सुधारको इतिहास कायम राख्ने सबालमा कुनै स्पष्ट सोच प्रशासनले लिएको छैन।

सन् १९८६ १९९४ मा भएको पहिलो चरणको सुधारपछि हालसम्म त्रिभुवन विश्वबिद्यालयले उच्च मुल्यांकन गरेकै आधारमा लागत, असुली तथा अन्य हिसाबमा राम्रो मानिएको इअसंले परीक्षा प्रणाली र पाठ्यक्रममा अपनाएको शैली यसको गुणात्मक विकासमा जादु सावित भएको भइरहेको छ ।

विश्व बैंक लगायत स्वीस र क्यानाडा सरकारको सहयोगमा संचालित इन्जिनियरिङ एजुकेसनल प्रोजेक्ट शुरु भएपछि भर्नाको निष्पक्षता, शैक्षिक क्यालेण्डर, कक्षाको क्षमतागत मूल्यांकन, सेमेष्टर प्रणाली, बिद्यार्थी शासन, लागत असुलीका आधारमा व्यबस्थापकीय विस्तार, सल्लाहकार समूहको व्यबस्था, परीक्षा प्रणालीमा सुधार लगायतका एजेण्डालाई कार्यरुपमा उतार्ने जमर्को गरियो । यसकै आधारमा बैंककस्थित एशियन इन्स्टिच्यूट अफ टेक्नोलोजीले सन् २००० मा समग्र एशियाकै उत्कृष्ट दश इञ्जिनियरिङ कलेजको मूल्यांकन गरी इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकलाई तेस्रो स्थान दिएको हो ।

इअसले घरभाडाबाट उठाउने रकम र विद्यार्थी शुल्क, सरकारले उपलब्ध गराउने साठी प्रतिशत छात्रावास शुल्क र अरु क्याम्पसको तुलनामा अत्यधिक अनुदानको आडमा कायम भएको गुणात्मक उत्पादनलाई अब सरकारी लगानी विना नै प्रतिस्पर्धामा उत्रेका निजी कलेजहरुको लगानी र उनीहरुको प्रस्तुतिसँग पनि तुलना गरिनुपर्नेहुन्छ । देशमा बेरोजगार इन्जिनियरहरुको संख्या दिनानुदिन बढ्दै गइरहेको अवस्था र निजी क्षेत्र प्रभावकारी ढंगले अगाडि आउँदा सरकारले उसमाथिको देखाउँदै आएको अभिभावकत्वमा पुनर्विचार गर्नु आवश्यक ठानेको छैन ।

इअसको गुणस्तरमा पनि शंका गर्न थालिएको छ । प्रतिस्पर्धाका आधारमा नभइ राजनीतिक दबाब र व्यक्तिगत स्वार्थका आधारमा इन्जिनियर बन्ने मानसिकता इअसंमा हुर्केकै कारण निजी क्षेत्रका काठमाण्डौ, कान्तिपुर, एक्मा जस्ता इन्जिनियरिङ्ग कलेजहरुले आफ्नो स्थान छोटो समयमै लिएका छन् । उनीहरुले गुणात्मक उत्पादनमा आफूहरु अघि भएको दावी समेत गर्न थालेका छन् ।

लामो समयसम्म इअसं.को विभिन्न पदमा रही चार वर्ष डीनको भूमिका निर्वाह गरिसक्नुभएका वरिष्ठ शिक्षाविषेशज्ञ डा. राजेन्द्रध्वज जोशीका बिचारमा स्वतन्त्र र निजी समुदायको प्रोत्साहन संस्थानले खोजेको छ । पूर्व डीन डा. जोशी प्रशासकीय नेत्तृत्व सबल हुनुपर्नेमा जोड दिनुहुन्छ "दृढ इच्छाशक्ति र स्पष्ट योजना एवं अनुसन्धानमुखी र लागत उठाउने चिन्तनको अभावमा केही गर्न सकिदैन ।"

०३७ सालमा संस्थानमा पढेका एवं हाल होटल हिमालयमा कार्यरत बरिष्ठ इन्जिनियर देबेन्द्र भारती पनि यो कुरामा बिश्वास राख्नुहुन्छ । नत्र किन ड्रप आउटको लहर देखिन्छ ? किन सरकारी उत्पादनहरु सस्तो मूल्यमा बिक्छन् ? भारती भन्नुहुन्छ ।

विषयगत हिसावको असन्तुलन, क्याम्पसहरुमा व्यवस्था गरिएको छात्रावासमा कर्मचारीका सपरिवार नै बस्ने जस्ता समस्या संस्थानमा पाइन्छन् । शैक्षिक विकासका लागि ल्याइएका सरकारी अनुदानमा कर्मचारी र तिनका परिवारले मन्त्रीसरहको सुविधा लिन थाल्दा इअसं.को लगानि असुलीबारे शंका पैदा भएकोमा द्विविधा रहेन ।

हाल ५ सय ३६ शिक्षक सहित कुल १ हजार ५० कर्मचारी रहेको अध्ययन संस्थानमा पछिल्लो आ .व. ०५७०५८ को व्ययको स्पष्ट तथ्यांक अझै संकलन भएको छैन । यो वर्षमा कूल १३ करोड ६४ लाख २४ हजार आठ सय अनुमानित बजेट पारित भएको छ । त्यसमा आठ करोड १० लाख नियमित र पाँच करोड ५४ लाख भौतिक सुधारमा विभाजना गरिएको थियो भने साढे चार करोड अनुमानित आय तय भएको थियो ।

संस्थानका अनुसार गत आर्थिक वर्षमा त्रिविवाट प्राप्त कूल ७ करोड मध्ये छ करोड रकम तलव, भत्ता नै खर्च भएको थियो भने आफैंले कमाएको करिब पाँच करोड रकमकै भरमा क्याम्पस प्रशासन र बिकासका कामहरु धानिएका थिए । त्रि.वि. अनुदानको प्राप्त बजेटमा ९५ प्रतिशत तलबमा जाने र बाँकी धेरै जसो आन्तरिक स्रोतबाट धानिएको छ ।

गत आर्थिक वर्षमा कर्मचारी दरबन्दी सिर्जना नभएको तर शिक्षक दरबन्दीमात्र बृद्धि भएकोले पनि खर्च कम, गुणात्मकता बढी देखाउन सक्षम भइएको दाबी गर्न भने प्रशासन पछि पर्दैन ।

इअसं.अर्न्तगत पुल्चोक क्याम्पस, थापाथली, पश्चिमान्चल,र पूर्वान्चल गरी चारवटा क्याम्पस रहेका छन् । साथै उर्जा अध्ययन केन्द्रको पनि स्थापना भएको छ । तर केन्द्रले अपेक्षित सफलता भने हासिल गर्न सकेको छैन ।

गुणात्मक दृष्टिले सन्तोषजनक प्रगति पुलचोक क्याम्पसले गरेको डीन डा. पोखेलको मूल्याङ्कन छ । त्यसको कारणबारे उहाँ भन्नुहुन्छ अन्य क्याम्पसमा थोरै व्याचलर र धेरै डिप्लोमाको पढाइ हुन्छ ।

वर्तमान अवस्थामा इअसं.को प्रमुख सुधारको कार्य के हुन सक्छ त ? डा.जोशीका अनुसार गरीव विद्यार्थी मर्कामा नपर्नेगरी विद्यार्थीको शुल्क बढाउनुपर्छ तर त्यो पैसा विकासमा लगानी गर्नुपर्छ, विश्वविद्यालले पनि स्वतन्त्रता दिन डराउनु हुँदैन, अनि नेतृत्वको दृढ इच्छाशक्ति भएमा यसको इतिहास गुम्दैन ।

**शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह**

*****

# प्राज्ञिक उपनिवेशको हल्ला

**निर्जला कक्षपति**

सबै नेपालीलाई शिक्षा दिन हरतरहले सघाउने शपथ लिएर शिक्षा मन्त्रालय र मातहतका कार्यालयहरुमा जागिर खाएकाहरुको संख्या झण्डै तीन हजार छ । संख्यात्मक हिसावले जहिले पनि आलोचनाको घेरामा रहेको यो संख्या माथि अर्को पनि आरोप छ त्यहाँ प्राज्ञिक दरिद्रता छ ।

प्रजातन्त्र पुनःस्थापनापछि शिक्षा मन्त्रालयले प्राथमिक शिक्षाको गुरुयोजना तयार गर्ने समयमा अनुदानका सम्बन्धमा कुरा गर्दा आफ्नो व्यवस्थापकीय क्षमताको अभाव महशुस गरेको थियो । शिक्षाविद्हरुले त्यसबेला मन्त्रालयका कर्मचारीहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दैजानुपर्ने कुरा औंल्याएका थिए । हुनत् कर्मचारीहरु छोटो अवधिका विभिन्न तालीम र भ्रमणमा विदेश जानेक्रम जारी थियो तर यसबाट सुधार आएको भने महशुस भएन ।

मन्त्रालयको संयन्त्रले विशेष अध्ययनयुक्त जनशक्ति व्यवस्था हुनुपर्ने निश्कर्ष अगाडि सार्‍यो । यसका लागि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (बीपीइपी)को मुख्य दातामध्ये एक डेनिस सहयोग संस्था (डानिडा)ले शिक्षा मन्त्रालयका झण्डै सय जना कर्मचारीलाई उच्चशिक्षाका लागि सघाउने प्रस्ताव राख्यो ।

बीपीइपी अन्तर्गतको "क्षमता अभिवृद्धि"संग गाँसिएको भए पनि यो प्रस्तावका लागि डानिडाले नियमित सहयोग भन्दा छुट्टै प्याकेज अन्तर्गत सघाउँदै आएको छ ।सुरुका दिनमा यो कार्यक्रमलाई खर्चिलो, अव्यावहारिक र मन्त्रालयकै कर्मचारीबीच एक आपसमा इर्ष्या जन्माउने कार्यक्रम भनेर आलोचना भयो । डेनमार्क सरकारले उसकै देशमा मात्र जानुपर्ने बाध्यता, प्रतिव्यक्ति ४० लाख र ६० लाखका हल्लाहरुले आलोचकहरुलाई थप बल दियो । शिक्षा विभागले पनि स्पष्ट तथ्यांक नदिई ठूलो रकम खर्च हुने कुराको पुष्टि गरेपछि यसले आलोचनात्मक सोचाई राख्नेहरुलाई मद्दत पुर्‍यायो ।

आलोचकहरुले यसलाई शैक्षिक उपनिवेश बन्ने खतरासंग तुलना गरे । उनीहरुलाई थप बल त्यसबेला मिल्यो जब बाहिरबाट फर्केकाहरुले "वातावरण नै पाएनौं", "डेनमार्कमा यस्तो, उस्तो" भनेर नेपाललाई नै होच्याउन थाले । नेपालीहरुले आफ्नो देशबाट केही सिकेर यहाँको शैक्षिक उन्नयनमा मद्दत गरुन् भन्ने डेनिस सरकारको सदाशयतामा त्यसबेला शंका गरिए पनि अबको तारो सरकारी निकाय नै रहेको छ ।

"अरु देशले किन चासो राखेनन् ? डेनमार्क सरकारले, डेनमार्कमै भन्ने बाध्यता किन राख्यो ?" यस्ता प्रश्नहरु उठ्न थाले । तर, यस कार्यक्रमलाई नजिकबाट हेर्ने एकजना शिक्षाविद्का अनुसार, यस अन्तर्गत पनि छोटो अवधिका तालीममा शिक्षा मन्त्रालयका कर्मचारीहरु विभिन्न देशमा गइरहेका छन् । पहिलो समूह अन्तर्गत एकजनाले फ्रान्सबाट विद्यावारिधि गरेर फर्केका छन् ।

शिक्षा मन्त्रालय र डानिडाले यसलाई "इन्टिच्युसनल लिङ्केज प्रोग्राम (आइएलपी)" नाम दिएका छन् । पहिलो चरणमा सरकारले गम्भीरतापूर्वक नलिई नातावाद र कृपावादको सहारा लिनाले पनि यो कार्यक्रमप्रतिको आक्रमण बढेको हो । दोस्रो समूहपछि शिक्षा मन्त्रालय र डेनिस युनिभर्सिटी अफ एजुकेशनले यसलाई प्रशस्तै सच्याएको थाह भएको छ । आईएलपीलाई नेपालका राष्ट्रिय विश्वविद्यालयहरुसंग जोडिएको छ र अब त्रिविविको शिक्षाशास्त्र संकाय अन्तर्गत यसलाई नियमित प्रक्रियामा ढालिने थाह भएको छ ।

यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा छानिएका १९ जनाले उच्चशिक्षा पुरा गरेर फर्केका छन् र विभिन्न ठाउँमा कार्यरत रहेकाछन् । अहिले दोस्रो समूहका १८ जना आफूलाई डेनिस युनिभर्सिटीको शिक्षाबाट दीक्षित गराउन सक्रियतापूर्वक लागिरहेका छन् ।

डेनमार्कमा उच्चशिक्षाबाट दीक्षित भएर फर्कनेहरु भन्छन्  त्यहाँको जस्तो वातावरण, प्रविधि र व्यवस्था भए पो केही गरिन्थ्यो । हाम्रो अवस्था  पुनर्मुसिको भवः' हो । तर, दोस्रो समूहका एकजना अधिकृतले अवसरको तारिफ गर्दै भने, सही मानिस छानिएको छ भने उसले यसलाई नराम्रो भन्नै सक्दैन । साधन स्रोतको अभाव त हामीलाई थाह भएकै कुरा हो । यस परिस्थितिमा पनि कसरी राम्रो गर्नसकिन्छ भन्ने देखाउन हामीले सक्नुपर्छ ।

शिक्षाविद् डा. मनप्रसाद वाग्ले र डा. विद्यानाथ कोइरालाको गुनासो यस कार्यक्रमको महंगो संरचनासँग छ । सरकारले योग्य मानिसलाई प्रशासनिक क्षेत्रको जिम्मेवारी दिएर चुस्त रुपमा कार्य गर्नुपर्ने समयमा सरकारी स्रोत र साधनबाट दीक्षित जनशक्तिको गैर जिम्मेवारीका कारण शैक्षिक प्रशासन समस्यामुक्त देखिंदैन ।

एशियाली विकास बैंकले पनि शैक्षिक जनशक्ति विकास केन्द्र (एनसीइडी) अन्तर्गत प्रशिक्षकहरुलाई विदेशी तालीम दिलाए पनि यसले तालीमको गुणस्तरमा कुनै प्रभाव पार्न सकेन । प्रशिक्षकहरुले राम्रो बुझाउन खोजे पनि बुझ्न नचाहनेहरुको सहभागिता र सहभागीहरुमा उत्साह जगाउन नसक्ने उनीहरुको प्रस्तुतिले एडीबीको पहलको कुनै महत्व रहन गएको थिएन ।

हुनत डेनिस सरकारको सहायतामा उच्चशिक्षा प्राप्त गर्ने सय जनाले मात्र शिक्षा मन्त्रालयको प्राज्ञिक दरिद्रता ढाक्ने होइनन् । तर, उनीहरुले राम्रोगरी देखाउन सकेभने अरुले उनीहरुबाट केही सिक्ने मौका पाउन सक्छन् । यस कार्यक्रमबाट सिकेर सरकारले आगामी दिनमा शैक्षिक प्रशासनका लागि कस्तो जनशक्ति आवश्यक रहेछ भन्ने बुझेमा मात्र पनि कार्यक्रमलाई सफल मान्नुपर्छ ।

**शिक्षा लेख संगालो ⁄ शिक्षा पत्रकार समूह**